# चुरे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### घरखेडा, कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०८०/०८१
च.नं. :

मिति २०८०।०६।०९

**बिषय : सुचना । सुचना ।। सुचना ।।।**

प्रस्तुत बिषय सम्बन्धमा क्यान्सर रोगी,मृगौला प्रत्यारोपण गरेका,डाइलाईसिस गरिरहेका र मेरुदण्ड पक्षघात बिरामीलाई औषधि उपचार बाफत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यबिधि २०७८ बमोजिम (माशिक रु ५०००। पांच हजार औषधि उपचार खर्च) सेवा प्राप्त गर्नको लागि र गत आ.ब मा उक्त उपचार खर्च पाप्त गरेका सेवाग्राहीहरुले तपशिल बमोजिमको मापदण्ड अनुसार अनुसुचि २ फारम भरि मिति २०८० असोज मसान्त भित्र आफ्नो वडा कार्यालयमा कागजात नबिकरण गर्नहुन र यो आर्थिक बर्षमा सेवा लिन चाहाने सेवाग्राहीहरुले उपचार खर्च पाउनकोलागि निबेदन दिनहुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१ मृगौला प्रत्यारोपण गरेका ब्यक्तीहरु ।
२ मृगौलाको समस्या भई हाल डाइलाईसिस गराई रहेका ब्यक्तीहरु ।
३ मेरुदण्डको पक्षघात भई अपांङ्गता भएका ब्यक्तीहरु ।
४ क्यान्सर रोग लागेका ब्यक्तीहरु ।

**आवश्यक कागजातहरु**

क) वडा कार्यलयको गरिब बिपन्न प्रमाणित सिफारिस पत्र ।
ख) माथि उल्लेखित मध्ये कुनै रोग लागेको र हाल उपचार गराईरहेको बिबरण खुल्ने अनुसुचि १ बमोजिमको ढाँचामा मान्यता प्राप्त चिकित्सकको सिफारिस पत्र ।
ग) सनराईज बैंकको खाता.न वा चेकको प्रतिलिपि ।
घ) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
ङ) नबालकको हकमा जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

नोट : नेपाल सरकार वा नेपाल सरकारको पुर्ण वा आँशिक स्वामित्व भएको संस्था वा संगठनबाट रोजगारी र निबित्तिभरण वा बिदेशी सरकारबाट रोजगारी /पेन्सन प्राप्त गरिरहेको ब्यक्तीहरु र नेपाल सरकारबाट उपलब्ध गराईदै आएको जेष्ठनागरिक भत्ता/ एकल भत्ता/ दलित भत्ता तथा पिछिडिएको भत्ता/ बाल पोषण भत्ता र अपाङ्गता भत्ता लगायत जुनसुकै समाजिक सुरुक्षा भत्ता प्राप्त गरिरहेका ब्यक्तीहरुको हकमा दोहरो भत्ता उपलब्ध हुने छैन ।

.....................
लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत